नेपाल सरकार

# राष्ट्रिय परीक्षा बोर्ड

सानोठिमी, भक्तपुर, नेपाल

पत्र संख्या :-

च.नं. :

मिति : २०८२/०१/१८

## विज्ञप्ति

नेपाल शिक्षक महासङ्घले अघि सारेका मागका सम्बन्धमा नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय र नेपाल शिक्षक महासङ्घबिच मिति २०८२/०१/१७ गते सम्झौता भइसकेको छ । वार्ता र संवादबाट नै समस्या र चुनौतीलाई समाधान र अवसरमा परिणत गर्न सकिन्छ भन्ने तथ्य यसबाट साकार भएको छ । यसका लागि राष्ट्रिय परीक्षा बोर्ड सम्बद्ध सबैप्रति कृतज्ञता प्रकट गर्दछ । अब हामीले २०८२ वैशाख २१ गतेबाट सुरु हुने माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) को व्यवस्थापन र सञ्चालनका लागि सम्बन्धित निकाय र तहबाट परीक्षा तयारीका बाँकी कामहरू पूरा गर्न तीव्रतापूर्वक लाग्नुपर्ने अवस्था आएको छ। यस्तै विद्यार्थीको अवसर नगुम्ने र शैक्षिक भविष्यमा असर नपर्ने गरी तोकिएको समयमै नतिजा प्रकाशन गर्न एसईई परीक्षाका उत्तरपुस्तिका परीक्षण र सम्परीक्षण सुरु गर्नुपर्ने भएको छ। यी दुबै कार्य प्रदेश परीक्षा व्यवस्थापन समिति, जिल्ला परीक्षा समन्वय समिति तथा सम्बन्धित सम्पूर्ण विद्यालयका प्रधानाध्यापक, शिक्षक, कर्मचारी लगायत सबै पक्षको सक्रिय सहभागितामा सम्पन्न गर्न अनुरोध छ। साथै यस महत्त्वपूर्ण कार्यमा सरोकारवाला सम्पूर्ण तह र निकायबाट सदाझैं समन्वय र सहयोगको अपेक्षा गर्दछु ।

धन्यवाद !

२०८२।१।१८

डा.महाश्रम शर्मा
(अध्यक्ष)

फोन : ६६३०८४८, ६६३१३९४, ६६३१५८७, ६६३१५८६, ६६३०७४७, ५६३५०७३ फ्याक्सः ६६३०५९८, ६६३०८४८